# स्पेसल एजुकेशन पेरेन्ट एडभाईजरी काउन्सिल (विशेष शिक्षा अभिभावक सल्लाहकार परिषद)

Worcester All-America City 2000

## जनवरी – मे २०१८

विशेष शिक्षा विभागको उद्देश्य सुरक्षित स्कूलको प्रवर्द्धन गरी बालबालीकाहरूलाई सफलता हासिल गराउन स्कूल, कर्मचारी, विद्यार्थी, परिवार र सामुदायिक सरोकारवालाहरूलाई समर्थन गर्ने, प्राविधिक सहयोग र सेवा पुर्‍याई सहकार्य गर्नु हो । अपाङ्ग विद्यार्थीहरूको उच्च परिणामको लागि विशेष शिक्षण सुनिश्चित गर्ने, समावेशीकरणको मौका प्रदान गर्ने, र व्यवसायिक सिकाई प्रदान गर्ने हाम्रो निष्ठा प्रयासमा हामी सहकार्य गर्न प्रतिवद्ध छौं ।

## स्पेसल एजुकेशन पेरेन्ट एडभाइजरी काउन्सिल बैठकको समय तालिका

**कृपया महिनावारी हुने कनेक्ट-एड बैठकका लागि स्मरण गराईने सूचना सुन्नुहोला ।**

**विहान र साँझमा हुने सत्रहरूको समय: [९:३० देखि ११:३० सम्म र/वा साँझ ४:३० देखि ६:३० सम्म]**

***सम्पूर्ण कार्यक्रमहरू २० अर्भिङ्ग स्ट्रिट, वुस्टर स्थित डर्कन एड्मिनिस्ट्रेशन बिल्डिङ्गमा हुनेछ । ***

तपाईका केही जिज्ञासा भएमा वा केही सुविधाको व्यवस्था वा दोभाषे चाहिने भएमा कृपया स्पेशल एजुकेशन डिपार्टमेन्ट (विशेष शिक्षा विभाग) को (५०८)-७९९-३०९३ मा सम्पर्क गर्नुहोला ।

**प्रथम सत्र: [९:३० देखि ११:३० सम्म र साँझ ४:३० देखि ६:३० सम्म]**

**स्थान: २० अर्भिङ्ग स्ट्रिट, डर्कन एड्मिनिस्ट्रेशन बिल्डिङ्ग ।**

*** यो तालीमको दिन एसपिइडि पिएसी अफिसरको चुनाव हुनेछ ।**

**फेब्रुअरी ५, २०१८**

**स्पेशल एजुकेशन (विशेष शिक्षा) का लागि योग्यता निर्धारणबारे थाहा पाउने आमाबुवाका आधारभूत अधिकार र नीति नियम बारे जानकारी दिन स्पेशल एजुकेशन विभागका कर्मचारीसँगको भेटघाट समारोह:**
विशेष शिक्षा (स्पेशल एजुकेशन) का लागि योग्य हुन गर्नु पर्ने प्रक्रिया, र त्यसका लागि योजना बनाउन, निर्णयहरू गर्न र स्कूलमा बच्चाको प्रगतिको निरीक्षण गर्न आफ्नो बच्चाको स्कूलसँग प्रभावकारी साझेदारका रुपमा कसरी काम गर्ने भन्ने बारे जान्न सहयोग पुराउनका लागि यो प्यानेल छलफलको आयोजना गरिएको छ । बैठक भन्दा अगाडि हुने वुस्टर स्पेशल एजुकेशन व्यवस्थापनका नेतृत्व टोलीसँग भेटघाट समारोहमा सम्पूर्ण आमाबुवाहरूलाई आमन्त्रण छ । दुईटै बैठकमा चियापानको व्यवस्था छ ।

**दोश्रो सत्र: [अपरान्ह ४:३० देखि साँझ ६:३० बजे सम्म]**

**प्रस्तुतकर्ता: क्विनसिगामण्ड कम्यूनिटि कलेज डिसेबिलिटि सर्भिसेस**

**स्थान: क्विनसिगामण्ड कम्यूनिटि कलेज - हेरिङ्गटन् लर्निङ्ग सेन्टर**

**यस बारे केही प्रश्न भएमा: कृपया क्रिष्टि प्रोक्टरलाई (५०८) ८५४-४४७१ मा सम्पर्क गर्नुहोला ।**

**मर्च ५, २०१८**

**संक्रमण अवस्थाका लागि योजना: मेरो बच्चा हाई स्कूल र/वा सो पछि कलेज जाने र कुनै पेशामा संलग्न हुने क्रममा भएको बेलामा मैले के कुरा थाहा पाउनु पर्दछ?** कलेज भर्नाका लागि आवेदन गर्न चाहाने विद्यार्थी र उनीहरूका आमाबुवालाई क्युसिसि डिसेबिलिटि सर्भिसेस्ले सो सम्वन्धी जानकारी प्रदान गर्नेछन् । तपाई र तपाईका बच्चालाई सहज र सफलतापूर्वक कलेज प्रवेशका लागि प्रश्नहरू सोध्ने जानकारी लिने यो एउटा राम्रो मौका हो ।

**तेश्रो सत्र: [अपरान्ह ४:३० देखि साँझ ६:३० बजे सम्म]**

**प्रस्तुतकर्ता: ट्रिआडा फ्रन्गो-अपोस्टोलो**

**स्थान: २० अर्भिङ्ग स्ट्रिट, डर्कन एड्मिनिस्ट्रेशन बिल्डिङ्ग ।**

**एप्रिल ९, २०१८**

**आचरण रणनीति र सामाजिक भावनाको शिक्षण:** आमाबुवाहरूले आफ्ना बच्चालाई उनीहरूको सामर्थ्यमा आधारित कुराको प्रयोग गरी उनीहरूलाई सहयोग गर्ने रणनीति सिक्नेछन् । तपाईको बच्चाको कुराहरूको पालना नगर्ने र झडङ्ग रीसाउने जस्ता नकरात्मक आचरणलाई सुधार गर्न सकरात्पक ढंगले कुराकानी गर्नु एकदमै महत्वपूर्ण हुन्छ । आमाबुवाले आफ्ना बच्चालाई उनीहरूको सामर्थ्यमा आधारित आचरणीय कुराहरू गरेर संलग्न गराउने तरीकाहरू सिक्नेछन् ।

**मिति: मे १६, २०१८ [साँझ ६:०० देखि ८:०० बजे सम्म]**

**कार्यक्रम: हाम्रा विद्यार्थीको सफलता र त्यसलाई सहयोग गर्नेहरूका लागि सम्मानार्थ उत्सव समारोह ।**

**स्थान: वुस्टर टेक्निकल स्कूल**

**हाम्रा विद्यार्थीहरूको प्रतिभा क्षमता, ताकत र उनीहरूको स्व–वकालती शीपद्वारा आत्मनिर्णयको सम्मानका लागि पुरस्कार वितरण समारोह ।**